संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५७

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:१० बजे*
*बैठक स्थगित : ४:२५ बजे*

२०७९ भदौ ३०, बिहीबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **सन्ताउन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न** ४:१० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक,२०७५ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सभाबाट सर्वसम्मतिले स्वकृत भएको भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "बीमा विधेयक, २०७५" माथि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा कुनै पनि माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभएन ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १९ सम्म उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १९ सम्म उल्लिखित संशोधनहरु सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १९ सम्म उल्लिखित संशोधनहरु बीमा विधेयक,२०७५ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाटख सर्वसम्मतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १९ सम्म उल्लिखित संशोधनहरु बीमा विधेयक,२०७५ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि १७२ सम्मका दफाहरू र अनुसूची प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बीमा विधेयक, २०७५ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले विधेयकको दफा २ देखि १७२ सम्मका दफाहरू र अनुसूची प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बीमा विधेयक, २०७५ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम देहाय बमोजिम पढेर सुनाउनुभयोः

**<u>प्रस्तावनाः</u>** बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वासनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवम् बीमा व्यवसायको प्रभावकारी रूपमा नियमन गरी बीमितको हक हित संरक्षण गर्नका लागि बीमा सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**<u>संक्षिप्त नाम र प्ररम्भः</u>** (१) यस ऐनको नाम "बीमा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले "बीमा विधेयक, २०७५ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले बीमा विधेयक, २०७५ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले उक्त प्रस्ताव पारित गरिएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" माथि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा उक्त छलफलमा कुनै पनि माननीय सदस्यले उक्त छलफलमा भाग लिनुभएन ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त संशोधनहरू सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म

उल्लिखित संशोधनहरु "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त संशोधनहरू सभाबाट सर्वसम्मतिले सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि २९ सम्मका दफाहरु प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा विधेयकका उल्लिखित दफाहरू सभाबाट सर्वसम्मतिले सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम देहाय बमोजिम पढेर सुनाउनुभयो:

"**<u>प्रस्तावना:</u>** देशको दुरत आर्थिक विकास र आर्थिक स्थायित्व कायम गर्नका लागि सार्वजनिक वित्त व्यवस्थापन गर्न र वित्तीय तथा मौद्रिक नीति बीच सामञ्जस्यता कायम गर्दै आन्तरिक तथा वैदेशिक ऋणको व्यवस्थापन गर्न ऋण तथा जमानत सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।"

त्यसपछि सम्माननीय अध्यक्षले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय सदस्यहरु, अब म, माननीय अर्थमन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले परित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को **२०७९ साल भदौ ३१ गते शुक्रबार अपराह्न १२:५९ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव